आज मिति २०८२।०४।०५ गते सोमबारका दिन [illegible] गाउँपालिकाका कार्यबाहक अध्यक्ष श्री माया सिलवालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री माया सिलवाल | कार्यबाहक अध्यक्ष |
| २. | | श्री सन्त बहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ३. | | श्री पञ्च बहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ४. | | श्री नर बहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ५. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ६. | | श्री तेज बहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ७. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ८. | | श्री बम बहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| ९. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| १०. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| ११. | टेकमाया | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १३. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १४. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. ई. कमल राउत

२. तेज कुमार धमला (अधिकृत छैटौ)

३. बिपना सुर्यवंशी (सहायक लेखा अधिकृत)

# कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या: ५८

अध्यक्षता: श्री माया सिलवाल, कार्यबाहक अध्यक्ष

बैठक मिति: २०८२।०४।०५

बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समय: विहान १०:०० बजे

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुरिनटार, चितवन बागमति प्रदेश, नेपाल

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०४।०५ | १०:०५ बजे | सम्मानित सर्वोच्च अदालतमा यस कार्यालयलाई बपक्षी बनाई परेको रिट सम्बन्धमा । | प्रशासन शाखा | १ |
| २०८२।०४।०५ | १०:१० बजे | गाउपालिकाको २ नं. वडामा अस्थायी प्रहरी चौकी स्थापनाको लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने सम्बन्धमा । | प्रशासन शाखा | २ |
| २०८२।०४।०५ | १०:१५बजे | योजनाको म्याद थप सम्बन्धमा । | योजना शाखा | ३ |
| २०८२।०४।०५ | १०:२० बजे | थप जिम्मेवारी सम्बन्धमा । | प्रशासन शाखा | ४ |
| २०८२।०४।०५ | १०:२५ बजे | वडा स्तरिय बिपद् ब्यावस्थापन सम्बन्धमा । | विपद् शाखा | ५ |

माया सिलवाल

कार्यबाहक अध्यक्ष

**पुर्व बैठकको समिक्षा**

मिति २०८२।०३।२३ मा बसेको ५७ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अबस्था समिक्षा गरियो । निर्णय कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो ।

**मिति २०८२।०४।०५ मा बसेको ५८ औ कार्यपालिका बैठकका निर्णयहरु :**

निर्णय नं.१:- यस इच्छाकामना गाउँपालिका र इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय कुरिनटार, चितवनलाई विपक्षी बनाई जिल्ला स्याङ्जा बहाकोट गा. वि. स. वडा नं.- ९, हाल परिवर्तित ठेगाना, जिल्ला स्याङ्जा, पुतलीबजार नगरपालिका, वडा नं. – ८, स्थायी ठेगाना भएका, विष्णु प्रसाद गुरुङको छोरा वर्ष ३१ को सौजन गुरुङ, (सोही स्थानमा ठेगाना भई हाल सञ्चालनमा रहेको सौजन कन्स्ट्रक्सनका प्रोपराइटर) को वारेस, का. जि. का. म. पा. वडा नं.-२८ बस्ने सुमना पौडेलको तर्फबाट परेको रिट नं.०८१-WO-१४३३,मिति २०८२।०३।१८ को निवेदनका सम्बन्धमा, सर्वोच्च अदालत, काठमाण्डौबाट जारी भएको ०८१-wo-१४३३ उत्प्रेषणसमेतको आदेश र निवेदनको प्रतिलिपी सहित सुचना म्याद प्राप्त भएको सम्बन्धमा, सम्मानित अदालतमा उपस्थित हुने, कानून ब्यावसायी नियुक्त गरी मुद्दाको प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, लगाएतका सम्पुर्ण कार्य गर्न यस कार्यालयका तर्फबाट पाल्पा जिल्ला रिब्दिकोट गाउँपालिका वडा नं.८ (साविक फेक गा. वि. स.-७,पाल्पा) बर्ष २९ का हाल यस कार्यालयमा कार्यरत इन्जिनियर (अधिकृतस्तर सातौ) श्री कमल राउतलाई अख्तियारी प्रदान गर्ने ।

निर्णय नं.२:- श्री इलाका प्रशासन कार्यालय मुग्लिनको मिति २०८२।०४।०२, च. नं. ०९ को प्राप्त पत्र, २ नं. वडा कार्यालयको सिफारिस र त्यस क्षेत्रमा बसोवास गर्ने स्थानीयवासीको माग समेतको आधारमा यस गाउँपालिकाको २ नं. वडा मायाँटारमा अस्थायी प्रहरी चौकी स्थापनाको लागी श्री जिल्ला प्रशासन कार्यालय, भरतपुर चितवनलाई लेखि पठाउने ।

निर्णय नं.३:- यस गाउँपालिका र वाइन टु वाटर गैर सरकारी संस्था विचको सहकार्यमा सञ्चालनमा रहेका तपशिल बमोजिमका खानेपानी योजनाहरुको कार्यसम्पन्न गरि सरकारी तथा गैर सरकारी संघ/संस्था साझेदारी कोषबाट रकम भुक्तानी हुने गरी म्याद मिति २०८२।०८।२० सम्म म्याद थप गर्ने ।

तपशिल:

१- कालिङ कुलवाङ लिफ्टिङ खानेपानी योजना, इच्छाकामना गाउँपालिका, १ नं. वडा ।

२- भोटेगाउँ खानेपानी योजना, इच्छाकामना गाउँपालिका, २ नं. वडा ।

निर्णय नं.४:- यस गाउँपालिकामा मनोसामाजिक परामर्शदाताको रुपमा कार्यरत श्री प्रकृति सिलवाल लाई संघिय सरकारबाट हस्तान्तरित वित्तिय साक्षरता कार्यक्रम सञ्चालनको लागि थप जिम्मेवारी दिने ।

निर्णय नं.५:- गाउँपालिका क्षेत्र भित्र रहेका ७ वटा वडाहरुमा वडा स्तरिय विपद् ब्याबस्थापन समितिलाई क्रियाशिल बनाई वडाहरुमा हुन सक्ने बिपद् को सन्दर्भमा तत्काल राहात तथा उद्दारको लागि क्रियाशिल रहने र वडा विपद् ब्यावस्थापन समितिको निर्णय र विल भरपाइको आधारमा बढीमा रु. ५०,०००/-(पचास हजार मात्र) गाउँपालिकाले भुक्तानी गर्ने ।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

माया सिलवाल
कार्यबाहक अध्यक्ष